# सामुदायिक वन विकासमा सकारात्मक विभेदः एक नीतिगत विश्लेषण

**बसुन्धरा भट्टराई**

नेपालमा विभिन्न सामाजिक तथा आर्थिक भिन्नताहरुले गर्दा मानिसहरु विभिन्न तह र तप्कामा विभाजित छन् । समाजमा व्याप्त लैङ्गिक विभेद, धनि गरिब बीचको विभेद, जात जातिका आधारमा हुने विभेद, पढे लेखेका र नपढेका बीच हुने विभेद, उमेरमा सानो ठूलोका आधारमा हुने विभेद र भौगोलिक विकटता र सुगम स्थानहरुमा बसोबास गर्ने मान्छेहरु बीच हुने विभेदहरु प्रमुख मानिन्छन् । केही वर्षयता सबैखाले विकास पक्रियाका कुरा गर्दा समाजमा रहेका विभेदलाई सम्बोधन गर्ने उद्देश्यले गरिएका सकारात्मक विभेदको महत्वपूर्ण स्थान पाएको छ । यस्तो भान हुन्छ कि कम्तिमा सैद्धान्तिक तहमा मात्र भए पनि यसको कुरा नगरी कुनै कार्य नै सम्पन्न हुन्न । सकारात्मक विभेद भन्नाले हाम्रो समाजका व्यक्ति वा समुदायहरु जो विकासको क्रममा सामाजिक वा राजनैतिक हिसाबले पछाडि पारिएका छन् तिनको हितलाई विषेश ध्यानमा राखेर गरिने विभिन्न खालका नीतिगत र कार्यगत प्रावधानहरु भनेर बुझ्न सकिन्छ ।

माथि उल्लेखित विभेदका विभिन्न तहहरु सामुदायिक वन विकासको प्रक्रियामा पनि उत्तिकै महत्वपूर्ण र सान्दर्भिक देखिन्छन् । सामुदायिक वन सार्वजानिक सम्पत्ति भएकाले यससँग सम्बन्धित सबै तह र वर्गका मानिसहरुको समान पहुँच र उनीहरुले समान फाइदा पाउनुपर्छ भन्ने सवाल एकातिर छ भने अर्कोतिर वर्तमान अवस्थामा उक्त स्रोतमाथिको पहुँच र बाँडफाँटमा समान अवसर पाउने कुरा पनि चुनौतिपूर्ण हुँदै गइरहेको छ । यहाँनेर सकारात्मक विभेद अपनाउँदा समानताको सिद्धान्तको आधारमा नभएर मौजुदा निजी सम्पत्ति र आ-आफ्ना आवश्यकता अनुसार सार्वजनिक सम्पत्ति माथिको पहुँचमा र फाइदा लिने कुरामा गरिब, महिला र अन्य पछाडि पारिएका वर्गको पहुँच बढी हुने गरी गरिनुपर्छ भन्ने हो । सकारात्मक विभेदको सिद्धान्त अपनाउँदा थुप्रै राजनैतिक, सामाजिक र सांस्कृतिक सवालहरु उठ्ने भएकाले यो कम चुनौतिपूर्ण छैन । अर्कोतर्फ सकारात्मक विभेद सम्बन्धि कार्यहरु अघि बढाउन मुख्य गरेर नीतिगत प्रावधानहरुमा फेरबदल गर्ने, सेवा दिने संस्थाहरुमा यस प्रतिको प्रतिवद्धता र आवश्यक पूर्वाधार हुनुपर्ने र महिला, गरिब र अन्य पछाडि पारिएका वर्गहरुको आफ्नो तयारी, क्षमता विकास र जुझारुपन अत्यन्तै आवश्यक पक्षहरु मानिन्छन् । यो लेखमा माथि उल्लेखित पक्षहरु मध्ये सामुदायिक वन विकासको क्रममा हालसम्म अपनाइएका सकारात्मक विभेद सम्बन्धि नीतिगत पक्षहरुको छोटो विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा हालसम्म अपनाइएका यस्ता नीतिगत पक्षहरुलाई तीन तहमा विभाजन गरी प्रस्तुत गरिएको छ । ती हुन वन विकाससँग सम्बन्धित नीति नियमहरु, राष्ट्रिय स्तरका नीति नियमहरु र अन्तर्राष्ट्रिय स्तरका नीति नियमहरु ।

## वन विकास सम्बन्धि नीति नियमहरु

यस अर्न्तगत वन विकास गुरुयोजना (२०४५), वन ऐन (२०४९), वन नियमावली, (२०५१) र सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (२०५८) जस्ता नीतिगत दस्तावेजहरु पर्दछन् । सामुदायिक वन विकासमा कम्तिमा ३३ प्रतिशत महिला निर्णायक भूमिकामा हुन जरुरी छ भनी वन विकास गुरुयोजनाले उल्लेख गरेको छ । वन विकासमा ग्रामीण महिलाको सहभागिता सम्बन्धि प्रावधानको व्यवस्थापन गर्ने यो पहिलो कानुनी दस्तावेज हो भन्दा अतियुक्ति नहोला । यसले वन सम्बन्धि भूमिकामा महिला वर्गको निर्णायक भूमिका हुनुपर्छ भन्ने कुराको पहिचान लगभग २० वर्ष

जति अघिदेखि भएको रहेछ भन्ने देखाउँछ । जनसंख्याको आधा हिस्सा ओगट्ने र वन स्रोत माथिको निर्भरता तथा व्यवहार पनि पुरुषका तुलनामा महिलाल नै बढी गर्ने हुदाँ ३३ प्रतिशतको प्रावधान झट्ट् हेर्दा अपुग देखिए तापनि यसलाई पहिलो सकारात्मक विभेदको रुपमा लिनैपर्ने हुन्छ । यो दस्तावेजले विभिन्न जात-जाति र गरिब-धनी समुदायका लागि भनेर भिन्न-भिन्न प्रावधानहरु किटान नगरे पनि समग्र रुपमा सबै लिङ्ग, वर्ग, जात जाति र विभिन्न भौगोलिक स्थानमा बस्नेहरुका फाइदाका लागि कार्यक्रम बन्नुपर्ने कुराको व्याख्या चाहिँ गरेको छ । उदाहरणको लागि औषधीजन्य र सुगन्धित विरुवाहरुको विकासले आधुनिक औषधी उपचारमा पहुँच नभएका करिब ८० प्रतिशत जनता जो परम्परादेखि नै औषधिजन्य बोट विरुवामा आश्रित छन् , उनीहरुले फाइदा पाउँछन् भन्ने कुरा उल्लेख छ । यसबाट ती ८० प्रतिशत जनता भनेका गरिब, महिला र पछाडि पारिएका जनजाति नै हुन भनेर सजिलै अनुमान गर्न सकिन्छ ।

मौजुदा वन ऐन र नियमावलीले सामुदायिक वनको रुपमा हस्तान्तरण भएका वनहरुको वन व्यवस्थापन र लाभांश वितरण सम्बन्धी सम्पूर्ण अधिकार स्थानिय उपभोक्ताले पाउने कुराको सुनिश्चित गरेको छ । यी दस्तावेजहरुमा लिङ्ग, वर्ग र जातजाति सम्बन्धी विशेष प्रावधानहरु किटान नगरिएको भए पनि “सम्पूर्ण” उपभोक्ताहरुलाई वन व्यवस्थापन र लाभांश वितरणमा सरिक हुन पाउने कुराको सुनिश्चित गरेको छ । माथि उल्लेखित ऐन र नियमावलीको कार्यान्वयन सहज पार्न निर्मित “सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन” ले महिला र गरिव वर्गको सहभागिता हुनुपर्ने कुरामा जोड दिएको छ । यो दस्तावेजले सामुदायिक वन सम्बन्धी निर्णायक भूमिका निर्वाह गर्ने पदमा ५० प्रतिशत महिला सहभागिता हुनुपर्ने र उपभोक्ता घरधुरीको सूची बनाउँदा प्रत्येक घरधुरीबाट एक एक महिला र पुरुषको नाम समावेश गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यहाँ निर्णायक भूमिका निर्वाह गर्ने पद भन्नाले सामुदायिक वन उपभोक्ता समितिको सदस्य वा अरु पदमा भन्न खोजिएको हो । विभिन्न जनजाति र कथित तल्लो जातको लागि विशेष व्यवस्था गर्नुपर्ने कुरा किटान नगरिएतापनि समष्टिगत रुपमा यो मार्गदर्शनले सबै लिङ्ग, वर्ग र तह वा समुदायलाई फाइदा पुग्ने गरी सामुदायिक वन विकासका योजनाहरु बनाउन र कार्य गर्न मार्ग प्रशस्त गरेको छ । समूह गठन गर्दाका वखत सम्पन्नता स्तरीकरण गरी धनी गरिव छुट्याउने र सोही अनुरुप समान चाहना भएका व्यक्ति र समूदायहरु वीच टोल-टोलमा छलफल गर्ने/गराउने र त्यस अनुसार कार्यक्रम अघि बढाउनु पर्ने भन्ने उल्लेख भएबाट पनि यो प्रष्ट हुन्छ ।

## राष्ट्रियस्तरका नीति नियमहरु

यस अन्तर्गतका वन सम्वन्धि नीति नियमहरु वाहेकका तर वन सम्वन्धि विकासले खेल्नु पर्ने भूमिका प्रष्ट रुपमा आएका निती नियमहरुमा विशेष गरेर दशौं पञ्चवर्षिय योजना र गरिव निवारण रणनिती पत्रलाई लिइएको छ । हुनत नेपालमा गरिवी निवारणको कुरा सातौं पञ्चवर्षिय योजनादेखि नै उल्लेख भएको पाइन्छ यद्यपि दशौं योजनाको रुपमा आइपुग्दा गरीवी निवारण सम्बन्धि सवाल अझै किटान साथ र परिष्कृत रुपमा उल्लेख भएको छ । उक्त योजनाले यसको योजना अवधि भित्र (२०५९-२०६४) करिव २०,००० उपभोक्ता समूहहरु (हालसम्म करिव १४,३०० मात्र वन उपभोक्ता समूहहरु छन्) ले सञ्चालन गर्ने सामुदायिक वन विकासका काममा गरीब, महिला र पिछडिएका वर्गहरुको निर्णय प्रक्रिया, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा लाभांश वितरणमा उल्लेख्य सहभागिता बढ्नेछ भन्ने लक्ष्य राखेको छ जसमा सामाजिक रुपले पछि पारिएका वर्गको हितमा काम गर्ने गरी प्रमुख रणनीतिको रुपमा उल्लेख हुनुले यो रणनीति पत्र महिला, गरिब र अन्य हिसाबले पछाडि पारिएका बर्गलाई सकारात्मक विभेदको नीति अपनाएर अगाडि बढन खोजेको कुरा प्रष्ट हुन्छ । उक्त रणनीति पत्रको मुख्य उद्देश्य दशौं योजनामा गरिबीको रेखामुनि रहेका ३८ प्रतिशत जनसंख्यालाई ३० प्रतिशतमा झार्ने रहेको छ । गरिबी निवारण रणनीति पत्रलाई सकारात्मक रुपमा विश्लेषण गर्दा यसले

अगाडि सारेका चारवटा पक्षहरुमा व्यापक आर्थिक विकास, मानव विकास सहित सामाजिक क्षेत्रको विकास, सामाजिक समावेशीकरण र लक्षित कार्यक्रम, र सुशासन पर्दछन् । यी चारवटा पक्षहरुमध्ये तेस्रो पक्ष सामाजिक समावेशीकरण र लक्षित कार्यक्रमले प्रष्ट रुपमा सकारात्मक विभेदलाई संम्वोधन गरेको छ जसमा सामुदायिक वन विकास सम्वन्धि नीति र कार्यक्रमहरु मार्फत यसको लक्ष प्राप्तीमा सोभै टेवा पुग्ने देखिन्छ । माथि उल्लेखित वन सम्वन्धि र राष्ट्रिय स्तरका नीति नियमहरु अनुसार लक्ष हासिल भएमा यसले अन्तर्राष्ट्रिय स्तरका लक्षहरु हासिल गर्नमा पनि मद्दत पुऱ्याउछ ।

**अन्तर्राष्ट्रिय नीति नियमहरु**

यस अन्तर्गत मुख्य गरेर सहस्राब्दी विकास लक्ष्यलाई लिइएको छ । विश्वव्यापी रुपमा विश्वबाट अति गरिबीपना र भोकमरी उन्मूलन, लैङ्गिक समानता र महिला सशक्तिकरण समेत गरी जम्मा ८ वटा लक्ष्यहरु यो दस्तावेजमा उल्लेख छन् । सन् २०१५ सम्ममा विश्वब्यापी रुपमा आधा मात्रामा गरिबी घटाउने यसको मुख्य उद्देश्य रहेको छ । गरिबीका मुख्य चारवटा पक्षहरुमा वर्गीय, जातिय, लैङ्गिक र क्षेत्रिय समस्याहरु प्रति विशेष ध्यान दिन सकेमा सहस्राब्दी लक्ष्य हासिल गर्न पुग्ने देखिन्छ ।

यसरी सरसरती सामुदायिक वन विकाससँग मात्र सम्बन्धी नीति नियमहरु हेर्दा महिला, गरिब, जनजातिहरुको विकासका लागि काम गर्न मौजुदा नीति नियमहरु धेरै सकारात्मक देखिन्छन् । अबको आवश्यकता तिनको सही व्याख्या र कार्यान्वयनको देखिन्छ ।

(लेखिका फरेष्टएक्सनसँग आबद्ध हुनुहुन्छ ।)